# नेपाल पत्रकार महासंघ
## Federation of Nepali Journalists (FNJ)
केन्द्रीय कार्यालय, सञ्चारग्राम, काठमाडौं, नेपाल

Ref No. :

मितिः २०८०।०७।२०

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघले जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पका कारण तीन दिन स्थगित कान्तिपुर मिडिया ग्रुपअन्तर्गतको आन्दोलनका कार्यक्रम थप परिमार्जन गरी घोषणा गरेको छ । कान्तिपुरबाट ८२ जना पत्रकारलाई गैरकानुनी ढंगले निष्कासन तथा सरुवा गरेको विरोधमा महासंघले दोस्रो चरणको आन्दोलनका कार्यक्रम कात्तिक १७ गते नै घोषणा गरेको थियो ।

दोस्रो चरणको आन्दोलनका कार्यक्रम २०८० कात्तिक २१ गतेदेखि मंसिर १० सम्म चल्नेछन् । घोषित आन्दोलनका कार्यक्रम अनुसार हरेक दिन सेन्ट्रल बिजनेस पार्क थापाथलीस्थित कान्तिपुर मिडिया ग्रुप परिसरमा २:३० बजेदेखि साढे ४:३० बजेसम्म पत्रकारले दुई घण्टा धर्ना दिनेछन् । कात्तिक २३ गते माइतिघर मण्डलादेखि कान्तिपुर पब्लिकेसन्ससम्म 'सम्पादकको खोजी'हुनेछ ।

मंसिर १० गतेसम्म धर्नासहित अन्य सिर्जनात्मक कार्यक्रमहरू गरिनेछ । मिडियाका श्रम समस्या समाधानका लागि विभिन्न संघसंगठनहरूसँग छलफल, राष्ट्रिय/अन्तर्राष्ट्रिय निकायमा पत्राचार, प्रतिनिधि सभाका सभामुख तथा राष्ट्रियसभाका अध्यक्षको ध्यानाकर्षण, संसदीय समितिमा ध्यानाकर्षण, अन्तर्राष्ट्रिय संस्थाहरूसँग पत्राचार तथा भेटघाट लगायतका कार्यक्रम गरिनेछ ।श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि सहयोग गर्न व्यंग्यात्मक रुपमा कात्तिक २५ गते कान्तिपुरको बैंक खातामा १ रुपैयाँ जम्मा गरिनेछ ।

यसअघि सम्पन्न धर्ना लगायतका कार्यक्रमहरूमा सक्रिय सहभागिताका लागि धन्यवाद दिँदै घोषित थप कार्यक्रममा सक्रिय सहभागिता जनाउन नेपाल पत्रकार महासंघ उपत्यकास्थित आफ्ना सबै शाखाका पदाधिकारी, सदस्य तथा विभिन्न सञ्चारगृहमा कार्यरत श्रमजीवी पत्रकार, पत्रकारका संघसंगठनका प्रतिनिधिलगायत श्रमजीवी पत्रकारका पक्षधर सबैमा हार्दिक आग्रह गर्दछ ।

आन्दोलनका कार्यक्रमहरू श्रमजीवी पत्रकार ऐनअनुसार पत्रकारले उठाएका जायज मागहरू पूरा नभएसम्म जारी रहने सबैमा जानकारी गराइन्छ । व्यवस्थापन पक्षले निष्कासन गरेका ८२ पत्रकारको पुनर्वहाली, अनधिकृत सरुवाको बदर र श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयलगायतका मागहरू अविलम्ब पूरा गर्न नेपाल पत्रकार महासंघले कान्तिपुर मिडिया ग्रुपसमक्ष पटकपटक आग्रह गर्दै आइरहेको छ । आन्दोलनको विस्तृत कार्यक्रम यसैसाथ संलग्न गरिएको छ ।

### कान्तिपुर मिडिया ग्रुपमा संघर्षका कार्यक्रम

| मिति | नेतृत्व | स्थान | सहभागिता |
|---|---|---|---|
| कात्तिक २१ | उपत्यका प्रदेश | कान्तिपुर मिडिया ग्रुप | |
| कात्तिक २२ | प्रतिष्ठान/एसोसिएट प्रदेश | कान्तिपुर मिडिया ग्रुप | |
| कात्तिक २३ | केन्द्रीय समिति | माइतीघर मण्डला (सम्पादकको खोजी) | |
| कात्तिक २४ | उपत्यकाबाट निर्वाचित केन्द्रीय समिति | माइतीघरदेखि कान्तिपुर ग्रुपसम्म | |
| कात्तिक २५ | एसोसिएटबाट निर्वाचित केन्द्रीय समिति | माइतीघरदेखि कान्तिपुर ग्रुपसम्म | |
| कात्तिक २६ देखि मंसिर ३ | डिजिटल अभियान | | |
| मंसिर ४ | केन्द्रीय समिति | माइतघर मण्डला | पाठकसंग अन्तरक्रिया |
| मंसिर ५ | प्रभावित पत्रकार | | प्रभावित पत्रकारका पारिवारिक सदस्य |
| मंसिर ६ | महिला विभाग | माइतीघर मण्डला | |
| मंसिर ७ | केन्द्रीय समिति | माइतीघर मण्डला | संघसंगठन |
| मंसिर ८ | केन्द्रीय समिति | तीनकुने र थापाथली | समय विभानज (१/१ घण्टा) |
| मंसिर ९ | केन्द्रीय समिति | तीनकुने र थापाथली | समय विभानज (१/१ घण्टा) |
| मंसिर १० | केन्द्रीय समिति | तीनकुने र थापाथली | समय विभानज (१/१ घण्टा) |

अन्य कार्यक्रम

| मिति | कार्यक्रम | स्थान |
|---|---|---|
| कात्तिक २१ | छलफल | पत्रकार सम्वद्ध संघ संगठन |
| कात्तिक २२ | पत्राचार | राष्ट्रिय/अन्तर्राष्ट्रिय निकाय |
| कात्तिक २३ | पत्राचार | सरकारसम्वद्ध निकाय |
| कात्तिक २४ | डेलिगेसन | श्रम कार्यालय/विभाग/प्रेस रजिष्ट्रार |
| कात्तिक २५ | सहयोग संकलन | कान्तिपुरलाई १ रुपियाँ सहयोग/कान्तिपुरको खातामा जम्मा गर्ने |
| मंसिर ४ | पाठकसँग अन्तरक्रिया | माइतघर मण्डला |
| मंसिर ५ | डेलिगेसन | सञ्चारमन्त्रालय |
| मंसिर ६ | अन्तरक्रिया/ज्ञापनपत्र | सभामुख/राजनीतिक दल |
| मंसिर ७ | अन्तरक्रिया/ज्ञापनपत्र | संसदीय समिति/राष्ट्रियसभा अध्यक्ष |
| मंसिर ८ | प्रत्यक्ष भेटघाट | राष्ट्रिय मानवअधिकार आयोग |
| मंसिर ९ | प्रत्यक्ष भेटघाट | आइएलओ प्रतिनिधि |
| मंसिर १० | प्रत्यक्ष भेटघाट | युएन प्रतिनिधि |

रोसन पुरी
महासचिव